# विशेष प्रस्तावसँग सम्बन्धित प्रस्तावित संशोधनको विवरण

**प्रबन्ध पत्रमा संशोधन :**

सिद्धार्थ बैंक लिमिटेडको प्रबन्ध पत्रमा भईरहेको केही व्यवस्थाहरु संशोधन गर्न आवश्यक भएकोले बैंकको सञ्चालक समितीको बैठकले सिफारिस गरी यस बैंकका शेयरधनीहरुको साधारण सभाले यो प्रबन्ध पत्र पारित गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भई यो सिद्धार्थ बैंक लिमिटेडको प्रबन्ध पत्रमा (... संशोधन, २०६५ बमोजिम) संशोधन गरी यो प्रबन्ध पत्र लागू गरिएको छ ।

| क्रम संख्या | साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुको कारण |
|---|---|---|---|
| १. | | यस प्रबन्ध पत्रको नाम "सिद्धार्थ बैंक लिमिटेडको (.. संशोधन) प्रबन्ध पत्र, २०६५" रहेको छ । | |
| २. | **दफा १ मा थप** | दफा १ मा रहेको "SIDDHARTHA BANK LIMITED" भन्ने शब्दहरुको पछाडी छोटकरीमा "SBL Bank" भन्ने शब्द थपिएकोछ । | छोटकरीमा समेत नाम राख्नुपर्ने भएकाले । |
| ३. | **दफा २ को उपदफा १ मा संशोधन** (१) बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ मा रहेको छ । | **दफा २. बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :**<br>उपदफा १ "बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका भित्र रहने छ ।" भन्ने शब्द राखिएको छ । | केन्द्रिय कार्यलय रहने स्थान तय गर्नुपर्ने भएकाले । |
| ४. | **दफा ४.मा थप,**<br>दफा ४ मा रहेको उपदफा (शश) पछि उपदफाहरु थप गर्ने, | **दफा ४. मा बैंकको उद्देश्य प्राप्तीका लागि गरिने कामहरु**<br><br>उपदफा (शश) पछि निम्न व्यहोरा भएको उपदफा (षष), (सस), (हह), (क्षक्ष), (त्रत्र) थप गरिएको छ :<br><br>(षष) नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी विदेशी बैंक तथा वित्तीय संस्थाहरुमा लगानी गर्ने वा त्यस्ता संस्थाको शेयर खरिद गर्ने ।<br><br>(सस)स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरु एवं गैह्र बैंकिङ्ग संस्थाहरुलाई स- शुल्क वा निशुल्क रुपमा प्राविधिक सहयोग प्रदान गर्ने ।<br><br>(हह)नियमनकारी निकायहरुको स्वीकृति प्राप्त गरी सामुहिक कोष तथा एकात्मक वचत योजनाहरुको प्रायोजन गर्ने, व्यवस्था गर्ने तथा जारी गर्ने ।<br><br>(क्षक्ष)विभिन्न इन्स्योरेन्स कम्पनीहरु सँग सहकार्य गरी, एजेन्सी लिई इन्स्योरेन्ससम्बन्धी product हरु आफ्ना ग्राहकहरुलाई विक्री वा बितरण गर्ने ।<br><br>(त्रत्र) सम्वन्धित निकायवाट स्विकृती प्राप्त गरी टिकेटिङ्ग लगायत ट्राभलसम्वन्धी कार्यहरु गर्ने । | बैंकको कार्यक्षेत्रलाई विस्तृत वनाउन आवश्यक भएकोले । |

| क्रम संख्या | साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुको कारण |
|---|---|---|---|
| ५. | **दफा ५ मा संशोधन**<br>दफा ५. बैंकको पुंजीको संरचना :<br>(१) बैंकको पुँजीको संरचना देहायबमोजिम हुनेछ :<br>क) बैंकको अधिकृत पुँजी **रु.१,००,००,००,०००।- (एक अरब** रुपैयाँ) हुनेछ । जसलाई रु.१००।- (एक सय रुपैयाँ) का दरले **१,००,००,०००।- (एक करोड**) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>ख) बैंकको तत्काल जारी पुँजी **रु.८२,८०,००,०००।- (बयासी करोड असी लाख**) हुनेछ ।<br><br>ग) बैंकको तत्काल चुक्ता पुँजी **रु.८२,८०,००,०००।- (बयासी करोड असी लाख**) हुनेछ ।<br><br>घ) बैंकको जारी पुँजीको ३० प्रतिशत शेयर सर्वसाधारणको लागी छुट्याईएको छ ।<br><br>ङ) बैंकको जारी पुँजीको समूहगत शेयर देहाय अनुसार हुनेछ :<br>(१) समूह (क) संस्थापक शेयरधनीहरु – ७०%<br>(२) समूह (ख) सर्वसाधारण शेयरधनीहरु – ३०% | **दफा ५. बैंकको पुँजीको संरचना :**<br><br>(१) बैंकको पुँजीको संरचना देहायबमोजिम हुनेछ :<br>क) बैंकको अधिकृत पुँजी रु.**३,००,००,००,०००।- (तीन अरब** रुपैयाँ) हुनेछ । जसलाई रु.१००।- (एकसय रुपैयाँ) का दरले ३,००,००,०००।- **(तीन करोड**) साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>ख) बैंकको तत्काल जारी पुँजी **रु.१,४२,८३,००,०००।- (एक अरब बयालीस करोड त्रीयासी लाख**) हुनेछ ।<br><br>ग) बैंकको तत्काल चुक्ता पुँजी **रु.१,४२,८३,००,०००।- (एक अरब बयालीस करोड त्रीयासी लाख**) हुनेछ ।<br><br>घ) बैंकको जारी पुँजीको ४९% शेयर सर्वसाधारणको लागी छुट्याईएको छ ।<br><br>(ङ) बैंकको जारी पुँजीको समुहगत शेयर देहाय बमोजिम हुनेछ :<br>(१) समुह (क) संस्थापक शेयरधनीहरु - ५१%<br>(२) समुह (ख) सर्बसाधरण शेयरधनीहरु - ४९% | ।कम्पनी ऐन, २०६३ बमोजिम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संशोधन गर्नुपर्ने भएकाले र बैंकको पुँजीको संरचनामा परिबर्तन गर्नुपर्ने भएकाले । |

**नियमावलीमा संशोधन :**

सिद्धार्थ बैंक लिमिटेडको नियमावलीमा भईरहेको केही व्यवस्थाहरु संशोधन गर्न आवश्यक भएकोले बैंकको सञ्चालक समितीको बैठकले सिफारिस गरी यस बैंकका शेयरधनीहरुको साधारण सभाले यो नियमावली पारित गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भई यो सिद्धार्थ बैंक लिमिटेडको नियमावलीमा (... संशोधन, २०६५ बमोजिम) संशोधन गरी यो नियमावली लागू गरिएको छ ।

| क्रम संख्या | साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुको कारण |
|---|---|---|---|
| १. | | यस नियमावलीको नाम "सिद्धार्थ बैंक लिमिटेडको (.. संशोधन) नियमावली, २०६५" रहेको छ । | |
| २. | **नियम १ मा थप** | **नियम १** मा रहेको "SIDDHARTHA BANK LIMITED" भन्ने शब्दको पछाडी छोटकरीमा "SBL Bank" भन्ने शब्द थपिएको छ । | छोटकरीमा समेत नाम राख्नुपर्ने भएकाले । |
| ३. | **नियम २ को उपनियम १ मा संशोधन**<br>(१) बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१ मा रहेको छ । | **नियम २.** उपनियम १ "बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका भित्र रहने छ ।" भन्ने शब्द राखिएको छ । | केन्द्रिय कार्यलय रहने स्थान तय गर्नुपर्ने भएकाले । |
| ४. | **नियम ८** को उपनियम **१** र **२** मा संशोधन :<br>**नियम ८.** संचालकको नियुक्ति, संख्या र कार्यकाल :<br>**(१)** संचालक समितिमा प्रचलित कानूनले तोकेबमोजिम नियुक्त गर्नुपर्ने व्यवसायिक संचालक समेत शेयरधनीहरुको समूहगत प्रतिनिधित्व हुने गरी ८ जना रहेको संचालक समितिको गठन हुनेछ ।<br>**(२)** संचालकको नियुक्ति देहाय बमोजिम हुनेछ :<br>(क) संस्थापक शेयरधनीहरुको समूह "क" को तर्फबाट मनोनीत सदस्यहरु – ५ जना<br>(ख) सर्वसाधारण शेयरधनीहरुको समूह "ख" को तर्फबाट साधारण सभाद्वारा निर्वाचित – २ जना<br>(ग) प्रचलित कानून बमोजिम नियुक्त गर्नुपर्ने व्यवसायिक विशेषज्ञ संचालक – १ जना | मूल नियमावलीको नियम ८ को उपनियम (१) र (२) को सट्टामा देहाय बमोजिमको उपनियम **(१) र (२)** राखिएको छ :–<br>**नियम (८) :** संचालकको नियुक्ति, संख्या र कार्यकाल :<br>**(१)** संचालक समितिमा प्रचलित कानूनले तोकेबमोजिम नियुक्त गर्नुपर्ने व्यवसायिक संचालक समेत शेयरधनीहरुको समूहगत प्रतिनिधित्व हुने गरी ९ (नौं) जना सञ्चालकहरु रहेको एक संचालक समितिको गठन हुनेछ ।<br>**(२)** संचालकको नियुक्ति देहाय बमोजिम हुनेछ :<br>(क) संस्थापक शेयरधनीहरुको समूह "क" को तर्फबाट मनोनीत सदस्यहरु– ५ जना<br>(ख) सर्वसाधारण शेयरधनीहरुको समूह "ख" को तर्फबाट साधारण सभाद्वारा निर्वाचित – ३ जना<br>(ग) प्रचलित कानून बमोजिम नियुक्त गर्नुपर्ने व्यवसायिक विशेषज्ञ संचालक – १ जना | कम्पनी ऐन, २०६३ बमोजिम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संशोधन गर्नुपर्ने भएकाले र बैंकको सञ्चालक समितिको बनौंटमा परिबर्तन गर्नुपर्ने भएकाले । |

| क्रम संख्या | साविकको व्यवस्था | संशोधित तथा थप व्यवस्था | संशोधन तथा थप गर्नुको कारण |
|---|---|---|---|
| ५. | **नियम २५ को उपनियम २ मा संशोधन :**<br>**नियम ५** को उपनियम (२) बैंकको शेयरको किसिम तथा जारी पुँजीको समुहगत शेयर स्वामित्व देहाय बमोजिम हुनेछ :<br><br>(क) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ । यस समूहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ ।<br><br>(ख) संस्थापक शेयरधनीहरुको समूह (क) लाई ३ (तीन) उपसमूहमा विभाजन गरी शेयरको स्वामित्व देहाय बमोजिम हुनेछ ।<br><br>(ग) बैंकले जारी पुँजीको ३० प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्टाइएको छ ।<br><br>(घ) बैंकको जारी पुँजीको समूहगत शेयर देहाय अनुसार हुनेछ :<br>१) समूह (क) संस्थापक शेयरधनीहरु – ७०%<br>२) समूह (ख) सर्वसाधारण शेयरधनीहरु – ३०%<br>३) उपरोक्त मध्ये प्रबन्धपत्रको दफा ५ घ (१) मा उल्लेखित समूह (क) का संस्थापक शेयरधनीहरु अन्तर्गत लगानी गर्ने उपसमूहहरु : | मूल नियमावलीको नियम **२५** को उपनियम (२) सट्टामा देहाय बमोजिमको उपनियम (२) राखिएको छ :–<br>**नियम (२५) :** विशेष बर्गका शेयर, शेयरधनीको हक तथा विशेष सुबिधा :**उपनियम** (२) बैंकको शेयरको किसिम तथा जारी पुँजीको समुहगत शेयर स्वामित्व देहायबमोजिम हुनेछ :<br><br>(क) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ । यस समूहको शेयर स्वामित्व ५१% (एकाउन्न प्रतिशत) हुनेछ ।<br><br>(ख) संस्थापक शेयरधनीहरुको समूह (क) लाई ३ (तीन) उपसमूहमा विभाजन गरी शेयरको स्वामित्व देहाय बमोजिम हुनेछ ।<br><br>(ग) बैंकले जारी पुँजीको ४९% (उनान्चास प्रतिशत) शेयर सर्वसाधारणको लागि छुट्टाइएको छ ।<br><br>(घ) बैंकको जारी पुँजीको समूहगत शेयर देहाय अनुसार हुनेछ :<br>१) समूह (क) संस्थापक शेयरधनीहरु – ५१%<br>२) समूह (ख) सर्वसाधारण शेयरधनीहरु – ४९%<br>३) उपरोक्त मध्ये प्रबन्धपत्रको दफा ५ घ(१) मा उल्लेखित समूह (क) का संस्थापक शेयरधनीहरु अन्तर्गत लगानी गर्ने उपसमूहहरु : | कम्पनी ऐन, २०६३ बमोजिम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संशोधन गर्नुपर्ने भएकाले र बैंकको पुँजीको संरचनामा परिबर्तन गर्नुपर्ने भएकाले । |